| | | |
|---|---|---|
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *सल्लाघारी, भक्तपुर* | ०१-६६१००५१ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *फुलबारी, पोखरा* | ०६१-५७७७४६ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *फुस्रे, धरान* | ०२५-५३११५५ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *मंगलगढी, सुर्खेत* | ०८३-५२३२११ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *तेघरी, कैलाली* | ०९१-५५११९५ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *चैनपुर, चितवन* | ०५६-५८३८०३ |
| **श्री सैनिक आवासीय महाविद्यालय,** | *बर्दिवास, महोत्तरी* | ९८५४०३००७० |
| **श्री विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय,** | *विजेश्वरी, काठमाण्डौ* | ०१-४२७१४९८ |
| **श्री रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालय,** | *बांसबारी, काठमाण्डौ* | ०१-४३७४३३५ |
| **श्री श्वेततारा मण्टेश्वरी सैनिक विद्यालय,** | *छाउनी, काठमाण्डौ* | ०१-४२८५९८५ |

# विद्यार्थी भर्ना सम्बन्धी सुचना

आगामी शैक्षिक सत्र २०७९ मा सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत, कैलाली, चितवन र बर्दिवासका लागि कक्षा ६, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयका लागि कक्षा १ र ३ तथा रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयका लागि कक्षा १ मा एवम् श्वेततारा मण्टेश्वरी सैनिक विद्यालयका लागि पूर्व प्राथमिक (Play Group and Nursery) तहमा अनुशासित वातावरणमा पूर्ण अंग्रेजी माध्यमबाट अध्ययन/अध्यापन गराउन इच्छुक नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भू.पु. सैनिक) तथा गैह्रसैनिक व्यक्तिका छोरा/छोरीहरुको भर्नाको लागि नियमानुसार दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम सार्वजनिक बिदाको दिन बाहेक नियमानुसार शुल्क तिरी आफूले अध्ययन गर्न चाहेको महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयबाट वा वेबसाइट www.bsamv.edu.np, www.sampokhara.edu.np, www.samc.edu.np, www.bgmsm.edu.np, www.rsmv.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**भर्नाको लागि आवश्यक न्यूनतम योग्यता**

(क) नेपाल सरकारको मान्यताप्राप्त विद्यालयबाट २०७८ सालमा कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को वार्षिक/अर्धवार्षिक/दोस्रो टर्मिनल परीक्षामा एग्रीगेटमा कम्तीमा ५०% अंक (न्यूनतम C+ ग्रेड वा GPA 2.4) प्राप्त गरी सबै विषयहरुमा उत्तीर्ण भएको हुनुपर्नेछ।

(ख) उमेरको हकमा २०७९ साल बैशाख १ गतेलाई आधार मानी कक्षा ६ का लागि १२ वर्ष ननाघेको, कक्षा १ को हकमा ७ वर्ष ननाघेको र अन्य कक्षाहरुको लागि सोही आधारमा तथा सम्बन्धित महाविद्यालय/विद्यालयले निर्धारण गरे अनुसारको उमेर भएको हुनुपर्नेछ।

(ग) भर्ना हुनको लागि महाविद्यालयद्वारा संचालन गरिने लिखित प्रवेश परीक्षा उत्तीर्ण भई योग्यताक्रम अनुसार दोस्रो चरणका लागि छनौट हुनुपर्ने र अन्तर्वार्ता एवं साधारण स्वास्थ्य परीक्षणमा समेत उत्तीर्ण हुनुपर्नेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

(क) कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि कक्षा २ को र कक्षा १ का लागि UKG/SKG को २०७८ सालको वार्षिक/अर्धवार्षिक/दोस्रो टर्मिनल परीक्षाको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि - १

(ख) विद्यार्थीको उमेर समेत उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १

(ग) स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि - २

(घ) हालसालै खिचिएको तस्वीर - २ प्रति (पासपोर्ट साइज - १ र अटो साइज - १)

(ङ) बहालवाला सैनिकका छोरा/छोरीको हकमा सम्बन्धित यूनिटका पतिद्धारा प्रमाणित सन्तानको जन्ममिति खुलेको सिफारिसको सक्कल पत्र - १
वा
भू.पू. सैनिकका छोरा/छोरीको हकमा पेन्सनपट्टाको प्रतिलिपि - १

- अन्तिम प्रवेश परीक्षाबाट उत्तीर्ण भई भर्नाका लागि छनौट भएका उम्मेदवारहरुले भर्ना हुनु पूर्व सम्बन्धित कक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरु (चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्र) अनिवार्य रुपमा महाविद्यालयको परीक्षा शाखामा पेश गर्नुपर्नेछ।
- सैनिक सकलदर्जा तथा स्टाफ कोटातर्फ एक दम्पति एक सन्तति एक तहको नीति कायम भएकोले कुनै हिताधिकारीको एकजना सन्ततिले एक तहमा दर्जागत सहुलियतमा अध्ययन गरे पश्चात् सोही तहमा दोस्रो सन्तानलाई सहुलियत प्रदान गरिने छैन तर गैरसैनिक (खुल्ला समुह) सरह पूर्ण शुल्क तिर्ने गरी अध्ययन गर्न चाहेमा भने मौका प्रदान गर्न सकिनेछ।
- नेपाली सेनामा कार्यरत रहंदा वीरगतिप्राप्त गरेका, नियममा सुविधा पाउने भनी उल्लेख भएका र फरक क्षमता भएका सैनिक सकलदर्जाका छोराछोरीहरुलाई समेत नियमानुसार अध्यापन गराउने व्यवस्था मिलाईएको हुंदा भर्ना हुन इच्छुक हुनेले पनि फाराम दर्ता गर्न सक्नेछन्।

१. विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक कोटातर्फ) तथा कक्षा ३ (गैरसैनिक कोटातर्फ) का हकमा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नै नयां छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन गर्न इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

२. रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) मा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नयां छात्र-छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन गर्न इच्छुक उम्मेदवारले पनि विस्तृत जानकारीका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

३. सैनिक आवासीय महाविद्यालय, बर्दिवास, महोत्तरीमा कक्षा ६ (गैरसैनिक कोटातर्फ) मा मधेश प्रदेशका आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था भएकोले अध्ययन गर्न इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

४. श्वेततारा मण्टेश्वरी सैनिक विद्यालय, छाउनीका लागि Play Group and Nursery मा निर्धारित संख्यामा First Come First Basis मा भर्ना लिइनेछ।

**प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम**

| | | |
|---|---|---|
| **फाराम वितरण तथा दर्ता मिति** | : | २०७८ चैत्र २२ गतेदेखि २०७९ वैशाख ०७ गते बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म।<br>*(सार्वजनिक बिदाको दिन बाहेक)* |
| **सम्पर्क तथा प्रवेशपत्र वितरण** | : | २०७९ वैशाख ९ गते शुक्रबार अपरान्ह १:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म। |
| **लिखित प्रवेश परीक्षा** | : | २०७९ वैशाख १० गते शनिबार अपरान्ह १:०० बजे। |

*विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयमा पनि सम्पर्क राख्न सकिनेछ।*